संघीय संसद

# प्रतिनिधि सभा

# अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समिति

बैठक सङ्ख्याः ११

मितिः २०८०/०६/२३

**कार्यसूचीः**

इजरायलमा रहेका नेपालीहरूको अवस्था सम्बन्धमा।

## छलफल तथा निर्णय

समितिको आजको बैठकमा इजरायलमा रहेका नेपालीहरूको अवस्थाका सम्बन्धमा परराष्ट्र मन्त्री र सचिवसँग छलफल भई देहाय बमोजिमको निर्णय भयोः

यही मिति २०८० साल आश्विन २० गते इजरायलको दक्षिणी क्षेत्र किवुज अलुमियामा प्यालेष्टाइनी समूह हमासले गरेको आक्रमणमा परी १० नेपालीहरुको दुःखद निधन भएकोमा यस समिति मृतकहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछ।

उक्त अकल्पनीय घटनाबाट निधन भएका नेपालीहरुको शव यथाशीघ्र स्वदेश ल्याउन, घाइतेहरुको शीघ्र स्वास्थ्य उपचार गर्न, बेपत्ता भएका नेपालीको तत्काल खोजी गर्न, अप्ठ्यारोमा परेका नेपालीहरुको उद्धार एवं सुरक्षित स्थानमा स्थानान्तरण गर्न, पीडित एवं परिवारलाई राहतको व्यवस्था गर्न, स्वदेश फिर्तीको चाहना राख्ने नेपालीलाई तत्काल फिर्तीको प्रबन्धका लागि आवश्यक समन्वय र शीघ्र पहलकदमी लिन यो समिति नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय र परराष्ट्र मन्त्रालयलाई निर्देश गर्दछ।

साथै भविष्यमा घट्न सक्ने यस्ता खाले घटनाको पूर्वआंकलन गरी विदेशस्थित नेपाली दूतावास/नियोगहरुलाई नेपालीहरुको विवरण अद्यावधिक गरी पूर्व तयारी अवस्थामा राख्न र ती निकायहरुलाई श्रोत साधन सहित सक्षम र सशक्त बनाउन समेत परराष्ट्र मन्त्रालयलाई निर्देश गर्दछ ।

उक्त घटनापश्चात् नेपाल सरकार र परराष्ट्र मन्त्रालयबाट भइरहेका काम कारवाही र पहलकदमीका लागि सरकारप्रति यस समिति हार्दिक धन्यवाद व्यक्त गर्दछ र सरकारको कार्यमा समिति सदैव साथमा रहेको विश्वास दिलाउन चाहन्छ।

तत्पश्चात् समितिको बैठक अर्को सूचना नभएसम्मका लागि स्थगित भयो।